आज मिति २०८३।०२।०७ गते बिहीवारका दिन यस नगरपालिकाका नगरप्रमुख श्री कारीराम यादवज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसियो ।

## उपस्थिति :

| सि.नं. | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कारीराम यादव | | |
| २ | नगर उप प्रमुख | श्री रहिमा खातुन | | |
| ३ | सदस्य | श्री मिथिला साह | | |
| ४ | सदस्य | श्री मुकेश कुमार पुर्वे सुडी | | |
| ५ | सदस्य | श्री ताँहिर मिया | | |
| ६ | सदस्य | श्री सत्यनारायण यादव | | |
| ७ | सदस्य | श्री गंगाराम यादव | | |
| ८ | सदस्य | श्री श्रीपुजन यादव | | |
| ९ | सदस्य | श्री रामदेव सहनी | | |
| १० | सदस्य | श्री सेराजुल राईन | | |
| ११ | सदस्य | श्री मनिष कुमार राय | | |
| १२ | सदस्य | श्री राज कुमार साह | | |
| १३ | सदस्य | श्री सरोज कुमार यादव | | |
| १४ | सदस्य | श्री राम नारायण अधिकारी | | |
| १५ | सदस्य | श्री देवनारायण महतो | | |
| १६ | सदस्य | श्री बैद्यनाथ महतो सुडी | | |
| १७ | सदस्य | श्री लखिचन्द्र दास | | |
| १८ | सदस्य | श्री अनिता देवी यादव | | |
| १९ | सदस्य | श्री निर्मला परियार | | |
| २० | सदस्य | श्री सिता देवी यादव | | |
| २१ | सदस्य | श्री रिंकी कुमारी महरा | | |
| २२ | सदस्य | श्री ललिता देवी कापर | | |
| २३ | सदस्य | श्री सकिला खातुन | | |
| २४ | सदस्य सचिव | श्री खिम बहादुर भुजेल | | |

## सबैला नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३।०२।०७ को बैठक निर्णय

### १. वि व्य स गठन एवम् पुनर्गठन सम्बन्धमा।

नेपाल सरकारद्वारा मिति २०८३।०१।२० गते राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ ले शिक्षा ऐन, २०२८ को दफा १२ को उपदफा (१) खण्ड (ग) मा भएको व्यवस्था झिकिएकाले सो बमोजिम मनोनित भएका विद्यालय व्यवस्थापन समितिका सदस्यको पद स्वतः पदमुक्त भई ७ (सात) सदस्य मात्र कायम रहने भएकोले सो खण्डबाट सदस्य मनोनित भई सदस्य/अध्यक्ष भएका पदाधिकारीहरु हट्ने भएमा सो खण्डबाट बाहेक मौजुदा रहेका सदस्यहरुमध्येबाट अध्यक्षको छनोट गरी विद्यालयको व्यवस्थापकीय कार्य नियमित गर्न गराउन र वि.व्य.स गठन नभएका विद्यालयमा वि.व्य.स गठन गर्दा संशोधित व्यवस्था अनुसार गठन गर्न सम्पूर्ण सामुदायिक विद्यालयलाई निर्देशन दिने निर्णय गरियो।

### २. बालविकास शिक्षकको कोटा सहित स्थानान्तरण सम्बन्धमा।

यस सबैला नगरपालिका अन्तर्गत सञ्चालनमा रही परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ बमोजिम तहगत एकमुष्ट अनुदान प्राप्त गरेका देहायका मदरसाहरुमा कार्यरत बालविकास शिक्षकलाई देहाय बमोजिम अनुदान कोटा सहित स्थानान्तरण गर्ने निर्णय गरियो।

| क.स | बालविकास शिक्षकको नाम | हाल कार्यरत मदरसा | स्थानान्तरण गरिएको विद्यालय |
|---|---|---|---|
| १ | कविता साह | मदरसा मोहमदिया अहले हदिस सबैला २ | ज्ञानज्योति रा प्रा वि मिसरपट्टि |
| २ | समिमा खातुन | अल मदरसा सतुल रहमानिया पटेर्वा सबैला ४ | सरस्वती मा वि ठिल्ला |
| ३ | आइसा खातुन | अल मदरसा सतुल रहमानिया पटेर्वा सबैला ४ | जनता रा प्रा वि ठिल्ला |
| ४ | सोनी गुप्ता | मदरसा दारुल होदा ठिल्ला यदुवा सबैला ८ | रा आ वि मखनाहा |
| ५ | विना कुमारी यादव | मदरसा दारुल होदा ठिल्ला यदुवा सबैला ८ | जनता मा वि सिमराढी गढी |
| ६ | शोभा कुमारी यादव | मदरसा मदिन्तुल ओलुम इस्लामिया सबैला ९ | हनुमान रा प्रा वि नवटोली |
| ७ | रुकसना खातुन | मदरसा इस्लामिया सल्फिया सबैला १३ | मा वि ढोलबाजा किरतपुर |
| ८ | शोभा कुमारी सिंह | मदरसा गुलसेन मदिना सबैला १३ | मदन आश्रित आ वि सबैला |
| ९ | अफरिन खातुन | मदरसा गुलसेन मदिना सबैला १३ | कमलामाई आ वि ढोलबाजा |

### ३. शिक्षा नियमावली, २०७५ को संशोधन सम्बन्धमा।

सबैला नगरपालिकाको मिति २०७५।०३।१५ को नगर सभाबाट स्वीकृत शिक्षा नियमावली, २०७५ मा देहाय अनुसार संशोधन गर्ने।

क) नियम ५७को उपनियम ८ मा रहेको अनिवार्य अवकाश पाउन पछिको "एक वर्ष" भन्ने शब्दको सट्टा "छ महिना" भन्ने शब्दहरु राख्ने।

ख) नियम ५७ को उपनियम (११) पछि उपनियम (१२) र (१३) अन्तर्गत देहायका विषय थप गर्ने।

(१२) उपनियम (११) बमोजिम रमाना नलिने शिक्षक एवम् कर्मचारी, रमाना नदिने प्रधानाध्यापक तथा नियमानुसार रमाना लिई आएको शिक्षक एवम् कर्मचारीलाई हाजिर नगराउने प्रधानाध्यापकलाई विभागीय कारवाही गरिनेछ।

## सबैला नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३।०२।०७ को बैठक निर्णय

(१३) रमाना नदिने एवम् रमाना लिई आएको शिक्षकलाई हाजिर नगराउने विद्यालयको सम्बन्धित तहको दरबन्दी कार्यालयले कट्टा गरी अन्य विद्यालयमा स्थानान्तरण गर्न तथा नियमित अनुदान समेत रोक्का गर्न सक्नेछ।

१२.नियम ५७ पछि नियम ५७ (क) अन्तर्गत देहायका विषय थप गर्ने।

५७ (क) काज वा कामकाज सम्बन्धी व्यवस्थाः

(१) नगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक (स्थायी, करार, राहत), बालविकास शिक्षक र विद्यालय कर्मचारी एवम् विद्यालय सहयोगीलाई नगर शिक्षा समिति वा प्रमुख प्रशासकीय अधिकृतले आवश्यकतानुसार खटिइएकै विद्यालयबाट तलब भत्ता भुक्तान हुने गरी काजमा खटाउने वा कामकाजमा तोक्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम काज वा कामकाजमा खटाउँदा विद्यालयको विद्यार्थी संख्या, उपलब्ध शिक्षक संख्या, पठनपाठनको अवस्था यकीन गर्नुपर्नेछ। काज वा कामकाजमा खटिइ गएको शिक्षकले विद्यालयको आर्थिक अधिकार समेत प्रयोग गर्ने गरी प्राज्ञिक एवम् प्रशासकीय प्रमुख भई कार्य गर्न सक्नेछ।

(३) कामकाजमा खटिएको शिक्षकले पन्ध्र दिनभित्र बरबुझारथ गरी रमाना लिनुपर्नेछ र सम्बन्धित विद्यालयले समेत सोही समय भित्र रमाना दिनुपर्नेछ।

(४) उपनियम (३) बमोजिम रमाना नलिने शिक्षक एवम् कर्मचारी, रमाना नदिने प्रधानाध्यापक तथा नियमानुसार रमाना लिई आएको शिक्षक एवम् कर्मचारीलाई हाजिर नगराउने प्रधानाध्यापकलाई विभागीय कारवाही गरिनेछ।

(५) रमाना नदिने एवम् रमाना लिई आएको शिक्षकलाई हाजिर नगराउने विद्यालयको सम्बन्धित तहको दरबन्दी कार्यालयले कट्टा गरी अन्य विद्यालयमा स्थानान्तरण गर्न तथा नियमित अनुदान समेत रोक्का गर्न सक्नेछ।

(६) काज वा कामकाजमा खटिइ गएको शिक्षक तथा कर्मचारीलाई दरबन्दी मिलानको क्रममा वा खटिइएको विद्यालयमा हुने समान तहको रिक्त पदमा प्रमुख प्रशासकीय अधिकृतले पदस्थापन गर्न सक्नेछ।

### ४. स्थानीय तह स्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन सम्बन्धमा।

सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा १४ बमोजिम यस स्थानीय तहका सामुदायिक विद्यालयका छात्राहरुका लागि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यमा आवश्यकतानुसार समन्वय, सहजीकरण र अनुगमन गर्न देहाय बमोजिमको स्थानीय तहस्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्ने।

देहायः

| क्र.स | प्रतिनिधित्व गर्ने पद | नाम,थर | पद |
|---|---|---|---|
| १ | स्थानीय तहको उपप्रमुख | रहिमा खातुन | संयोजक |
| २ | कार्यपालिकाले तोकेको महिला सदस्य | निर्मला परियार | सदस्य |
| ३ | स्वास्थ्य शाखाका अधिकृत वा कर्मचारी | संजय मण्डल | सदस्य |

| | | | |
|---|---|---|---|
| ४ | विद्यालयका सम्पर्क व्यक्ति | | सदस्य |
| ५ | विद्यालयका सम्पर्क व्यक्ति | | सदस्य |
| ६ | महिला तथा बालबालिका शाखाका अधिकृत वा कर्मचारी | गीता कु. महतो | सदस्य |
| ७ | शिक्षा शाखाका अधिकृत वा कर्मचारी | युवराज काफ्ले | सदस्य सचिव |

## ५. सामुदायिक, धार्मिक एवम् संस्थागत विद्यालयको नियमन सम्बन्धमा।

प्रत्येक वडा अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक, धार्मिक एवम् संस्थागत विद्यालयको अनुगमन वडासमितिबाट ७ दिनभित्र सम्पन्न गरी विद्यालय सञ्चालनको सर्वाङ्गीण पक्षको अवस्था यकीन गरी आवश्यक कारवाहीका लागि वडा समितिको बैठक निर्णय सहित नगर कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेस गर्ने र उक्त प्रतिवेदन समेतका आधारमा नगर कार्यपालिकाको आगामी बैठकबाट आवश्यक निर्णय गर्ने।

## ६. आपतकालीन सम्पर्क नम्बरहरु राख्ने सम्बन्धमा।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंको मिति २०८२।१२।२६ गतेको चलानी नं. १२५२ को प्राप्त पत्रको बुँदा नं. २ मा उल्लेख भए बमोजिम पूर्वसूचना, खोज तथा उद्धारका लागि आवश्यक पर्ने आपतकालीन सम्पर्क नम्बरहरु यस नगरपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाहरु लगायतका तपसिलका सार्वजनिक स्थलमा राख्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | कार्यालय | संख्या |
|---|---|---|
| १ | नगरपालिकाको कार्यालय | १ |
| २ | वडा कार्यालय | १३ |
| ३ | सामुदायिक विद्यालय | २५ |
| ४ | मदरसा | २१ |
| ५ | स्वास्थ्य संस्था | १३ |
| ६ | सुरक्षा निकाय | २ |
| ७ | रेडक्रस | १ |

## ७. फलफूल बिरुवा वितरण सम्बन्धमा ।

नगरपालिकाको स्रोतबाट पशुपंछी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयनका लागि किसानको हकहित र भूगोललाई मध्यनजर गरी ९० प्रतिशत अनुदान नगरपालिकावाट र १० प्रतिशत सम्बन्धित किसानवाट लागत सहभागित गरी बोटविरुवा वितरण गर्ने निर्णय गरियो ।

## ८. अपाङ्गता परिचयपत्र सम्बन्धी कार्यविधि सम्बन्धमा ।

Sangam®

सबैला नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३।०२।०७ को बैठक निर्णय

यस सबैला नगरपालिका अन्तरगतका अपाङ्गहरुलाई नेपाल सरकारको नीति निर्देशन बमोजिम पहिचान गरी निजहरुलाई परिचयपत्र बितरणका लागि अपाङ्गता परिचयपत्र सम्बन्धि कार्यविधि, २०८३ विस्तृत छलफल गरी स्वीकृत गरियो ।

## ९. नगर अस्पताल सञ्चालन कार्यविधि सम्बन्धमा ।

सबैला नगरपालिकाको वडा नं. ३ मा रहेको प्रा. स्वा. केन्द्रको भवनमा नगर अस्पताल सञ्चालन गर्नका लागि नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृत गरियो ।

## १०. पूर्वाधार निर्माण तयारी सम्बन्धमा।

यस नगरपालिका अन्तर्गतका देहायका स्थानमा तपसिल बमोजिमका पूर्वाधार निर्माण तयारीका लागि स्थान तय तथा विस्तृत परियोजना प्रतिवेदन निर्माण गर्ने निर्णय गरियो।

क) वडा नं. ४ पटेर्वामा क्रिकेट स्टेडियम (साविक गा वि स पटेर्वा वडा नं. ३ कित्ता नं. ५)

ख) वडा नं १२ को टोखीमा बहुउद्देश्यीय कभर्ड हल (साविक गा वि स रघुनाथपुर वडा नं ८ कित्ता नं १०७)

ग) वडा नं १३ को किरतपुर कुटी टोलमा फुटबल स्टेडियम (साविक गा वि स रघुनाथपुर वडा नं २ कित्ता नं १४०)

घ) वडा नं १३ को किरतपुरमा डम्पिङ साइट (साविक गा वि स रघुनाथपुर वडा नं २ कित्ता नं १४२)

## ११. निर्णय अनुमोदन सम्बन्धमा।

बहुक्षेत्रीय पोषण कार्यक्रमको नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको मिति २०८३।०१।०७ को वैठक निर्णयबाट सिफारिस भई आएको कार्यक्रम अनुमोदन गरियो।